New Hampshire Department of Education

# अभिभावकिय र सामुदायिक संक्षिप्त: Every Student Succeeds Act (ESSA)

सेप्टेम्बर 2017 मा, न्यू ह्याम्पसायर शिक्षा विभागले राज्यको Every Student Succeeds Act (ESSA) संयुक्त योजना प्रस्तुत गर्नेछ। यो योजना संघीय कानूनको आवश्यकता हो र यसले शिक्षाको क्षेत्रमा न्यू ह्याम्पशायरमा हुने केही कार्यको प्रतिनिधित्व गर्छ – तर सबै कार्यको – होइन। यो योजना अभिभावक, शिक्षक, साझेदार र सामुदायिक नेताहरूसँगको धेरै वर्षको सहकार्यद्वारा विकास भएको हो र यसले प्रत्येक विद्यार्थीको लागि निष्पक्षता, जवाफदेहिता र सफलताको लागि आफ्ना विस्तृत दूरदर्शिता प्राप्त गर्न राज्यलाई सक्षम बनाउँछ। यो सारांशले राज्यको योजनाको विकासको जानकारी गराउनको लागि प्रयोग गरिने साझेदार इनपुटलाई हाइलाइट गर्दछ। यो सारांश विस्तृत छैन तर केही योजनाको कुञ्जी तत्वहरूको उच्च स्तरीय विवरण प्रदान गर्दछ। समुदायका सदस्यहरूलाई [LINK] मा राज्यको योजनाको पूरा भएको पहिलो मस्यौदाको समिक्षा गर्न प्रोत्साहित गरिन्छ र अर्को महिनामा हाम्रो अनलाइन सर्वेक्षण[LINK] मा अन्तिम इनपुट उपलब्ध गराइन्छ।

## हाम्रा विद्यार्थीहरूले के अध्ययन गर्दैछन्

| हामीले के सुन्यौं | हामीले के गर्दै छौं |
|---|---|
| ▪ उपलब्धी स्तर वा असक्षमतालाई ध्यान नदिई सबै विद्यार्थीहरूलाई सर्वत्र रूपमा उच्च अपेक्षाहरूमा राखिनुपर्नेछ।<br>▪ सबै विद्यार्थीहरूलाई स्वतन्त्र विचारक बन्नको लागि पढाउनुपर्नेछ।<br>▪ विद्यार्थीहरूले कार्य अध्ययन अभ्यासहरू जस्तै रचानत्मकता, नेतृत्वकर्ता र आत्म अनुशासनसँग समान रहेर ग्रेजुएट गर्नुपर्नेछ।<br>▪ विद्यार्थीहरूले *के* सोच्ने मात्र होइन, *कसरी* सोच्ने पनि जान्नुपर्छ।<br>▪ सबै विद्यार्थीहरूलाई विस्तारित अध्ययन अवसरहरूसहित उनीहरूले आफ्नो आवश्यतकताहरू पूरा गर्ने तरिकामा अध्ययन गर्ने अवसरहरू प्रदान गरिनुपर्छ। | ▪ विद्यार्थीहरूलाई पढाउँने मास्टर गर्न र विषयवस्तुलाई बुझ्छु हो, तथ्यहरू सम्झिनलाई मात्र होइन।<br>▪ सबै विद्यार्थीहरूलाई विस्तारित र व्यक्तिगिकरण अध्ययन अवसरहरू र कार्यसम्पादन मूल्याङ्कनका तत्वहरूको प्रस्ताव गरेर उनीहरुको सम्भावना प्राप्त गर्न सुनिश्चित गराउने।<br>▪ उद्योगको आवश्यकताहरूमा एकिकृत वृत्ति मार्गहरू सिर्जना गर्ने।<br>▪ सक्षमता विकास, कार्यसम्पादनमा आधारित कार्यहरु र अध्ययनको लागि विश्वव्यापी नमूनाहरूमा व्यावसायिक अध्ययन अवसरहरू प्रदान गर्ने।<br>▪ सामान्यतया हाम्रा विद्यालयहरू, पाठ्यक्रम र शिक्षा प्रणालीमा सांस्कृतिक पक्षपात सम्बोधन गर्न प्रशिक्षण प्रस्ताव गर्ने। |

## उनीहरूले कसरी गरिरहेका छन भनी हामीले कसरी थाहा पाउनेछौं

| हामीले के सुन्यौं | हामीले के गर्दै छौं |
|---|---|
| ▪ टेस्टको डाटा स्तरीकृत गर्नु मात्रै विद्यार्थीको उपलब्धी वा विद्यालयको कार्यसम्पादन परिक्षण गर्ने प्रयाप्त प्रक्रिता होइन।<br>▪ विद्यार्थीहरूले सिर्जनशीलता, नेतृत्व र एक्काइसौँ सताब्दिका सीपहरू प्रदर्शन गर्न आवश्यक हुने विद्यालयले प्रस्ताव गरेका सहकार्यात्मक परियोजनाहरूको स्तर मापन गर्ने।<br>▪ विद्यार्थीहरूले सिपहरू र ज्ञानको विकास गर्न आवश्यक छ र त्यसले उनीहरूलाई सफलता प्राप्त गर्न सक्षम बनाउँछ। | ▪ शिक्षकहरूलाई सक्षमतामा आधारित मूल्याङ्कन प्रणालीको नमूना बनाउनमा र विकास गर्नमा संलग्न गर्ने।<br>▪ सामाजिक र भावनात्मक विकासलाई समर्थन गर्न विश्वव्यापी उपकरणहरू चयन गर्ने।<br>▪ अङ्ग्रेजी भाषा प्रशिक्षार्थीहरू र असक्षम बालबालिकाहरूको लागि उपयुक्त आवासहरू प्रदान गर्नको लागि सबै शिक्षकहरूको क्षमतालाई सुधार गर्ने। |

## सुधार गर्नको लागि हामी के गर्न गइरहेका छौं

| हामीले के सुन्यौं | हामीले के गर्दै छौं |
|---|---|
| ▪ प्रभाव र गुणस्तरको लागि व्यावसायिक अध्ययन मूल्याङ्कन गर्नुहोस्।<br>▪ घरबारबिहीन स्थितिमा भएका परिवारहरू र युवाको लागि विद्यालय र समुदायमा उपलब्ध भएका सबै सेवाहरू र सहयोगमा पहुँच गर्ने तरिका प्रदान गर्नुहोस्।<br>▪ स्तरीकृत टेस्ट स्कोरहरूको बाहिर अङ्ग्रेजी भाषा सेवाहरू हटाउन थप मापदण्ड बनाउनुहोस्।<br>▪ NH का शिक्षकहरू उनीहरूका विद्यार्थीहरूलाई शैक्षिक प्रक्रियामा पूर्ण रुपमा संलग्न हुनमा मद्दत गर्न तैयार छन भनी सुनिश्चित गर्नुहोस्।<br>▪ प्रत्येक विद्यार्थीको लागि उपयुक्त शैक्षिक मार्गको नमूना बनाउनको लागि अभिभावकहरू र शिक्षकहरूलाई मद्दत गर्ने जवाफदेहिता प्रणाली विकास गर्नुहोस्। | ▪ व्यक्तिगत शिक्षकहरू र विद्यालयहरूको आवश्यतकताहरू निर्धारण व्यावसायिक अध्ययन र योजनाहरूको मूल्याङ्कन गर्न उपकरण प्रदान गर्ने।<br>▪ घरबारबिहीन अवस्थाहरूमा भएका परिवारहरू र युवाको लागि सेवाहरूमा पहुँच गर्ने तरिकाहरू पत्ता लगाउन विद्यालय, सामुदायिक एजेन्सीहरू र घरबारबिहीन प्रदायकहरूलाई सँगै ल्याउने।<br>▪ अंग्रेजीमा अध्ययनकर्ताहरूको वरिपरि राज्य ESOL अगुवाई अपडेट गर्ने।<br>▪ प्रतिनिधित्व, भाव अभिव्यक्त र संलग्नताको बहुविधिहरू प्रदान गर्नको लागि अध्ययन र उपकरणहरु र रणनीतिहरूको लागि ज्ञान र विश्वव्यापी नमूना बढाउने।<br>▪ विद्यार्थी- केन्द्रित वातावरण सिर्जना गर्न र प्रत्येक विद्यार्थीको लागि उपयुक्त शैक्षिक मार्ग निर्धारण गर्नको लागि बनाइएको जवाफदेहिता प्रणाली निर्माण गर्ने। |

## प्रत्येक विद्यार्थीको लागि सहायताहरू

| हामीले के सुन्यौं | हामीले के गर्दै छौं |
|---|---|
| ▪ विविध अध्ययनकर्ताहरूको आवश्यकताहरू पूरा गर्न शिक्षकहरूसँग पृष्ठभूमि र सहायता हुनुपर्नेछ।<br>▪ घरबारविहीन अनुभव गरिरहेका परिवारहरू र विद्यार्थीहरूलाई के-के सहायताहरू उपलब्ध छन र तिनीहरूको पहुँच कसरी गर्ने भनेर थाहा छैन।<br>▪ अङ्ग्रेजी भाषा सक्षमतातर्फ अङ्ग्रेजी भाषा अध्ययनकर्ताहरू र बहुभाषी अध्ययनकर्ताहरूको उन्नती मापन गर्दा तिनीहरूको सुरुवाती अंक विशेषताहरू ध्यान दिनुहोस्।<br>▪ विद्यार्थीहरूले कक्षाकोठाको बाहिर बहुसंख्यक चुनौतीहरूको सामना गरिरहेका छन जसले तिनीहरुलाई अध्ययन गर्न गाह्रो बनाउँछ। | ▪ तिनीहरूले व्यावसायिक विकासको मास्टर योजनाहरूको विकास र सशक्ति र सावधानीको लागि ति योजनाहरू निर्धारण गरेकाले विद्यालयहरूलाई मद्दत गर्ने।<br>▪ राज्य वा स्थानीय दुवै स्तरमा रणनीतिक तथा प्रमाणमा आधारित दृष्टिकोणहरूको प्रयोग गरेर विद्यार्थीको शैक्षिक उपलब्धि तथा समग्र तन्दुरुस्तीमा NH को पहुँचलाई सुदृढ बनाउने।<br>▪ घरबारबिहीन स्थितिमा भएका विद्यार्थीहरूलाई पहिलेको विद्यालयमा वा जिल्लामा सफलतापूर्वक पूरा भएको कार्यको लागि श्रेय प्राप्त गर्न र तिनीहरूलाई उपलब्ध भएको सहायताहरू र स्रोतहरूको पहुँच कसरी गर्ने भनी जान्नको लागि सुनिश्चित गर्ने।<br>▪ जोखिम कारकहरू घटाउन र सुरक्षात्मक कारकहरू बढाउनको लागि विद्यार्थी स्वस्थता र उपकरणहरू र रणनीतिहरूको ज्ञान बढाउने। |

********

समुदायका सबै सदस्यहरूलाई थप इनपुट प्रदान गर्न जुन 23 सम्म हाम्रो मस्यौदा योजना [https://www.education.nh.gov/essa/index.htm] समिक्षा गर्न र हाम्रो अनलाइन सर्वेक्षण [https://www.surveymonkey.com/r/J3NPZC9] मा प्रतिक्रिया जनाउन प्रोत्साहित गरिन्छ। थप इनपुट र प्रश्नहरू भएका साझेदारहरूले तिनीहरूलाईESSAcomments@doe.nh.gov मा इ-मेल गर्न सक्छन्। सार्वजनिक टिप्पणीको चरण पूरा भएपछि प्राप्त भएका सबै टिप्पणी र सर्वेक्षण प्रतिक्रियाहरूको समिक्षा गरिनेछ र NH शिक्षा विभागको वेबसाइटमा पोस्ट गरिनेछ।